केदारस्यूँ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः६ संख्याः३ मितिः २०८०।१०।१५

**भाग -२**

## अटो रिक्सा र ई-रिक्सा व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८०

केदारस्यूँ गाउँपालिकाको बजार क्षेत्र, वस्ती क्षेत्र, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा गाउँपालिकाका अन्य विभिन्न स्थानहरूमा आवतजावत गर्न ठुला सवारी साधनको अभाव एवं उपलब्ध अटो रिक्सा तथा ई-रिक्सा लगायतका साना सवारी साधनहरू प्रयोग गर्दा अति महँगो पर्न गइ सर्वसाधारण मर्कामा परेको कारण सस्तो, शुलभ सवारी साधनहरू अटो रिक्सा, ई-रिक्सा आदि संचालन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी केदारस्यूँ गाउँपालिकाले देहायको कार्यविधि बनाई लागु गरेको छ।

### परिच्छेद -१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१)यसकार्यविधिको नाम "अटो रिक्सा र ई- रिक्सा व्यवस्थापन तथा सञ्भचालन कार्यविधि,२०८०" रहेकोछ।

(२) यो कार्यविधि कार्यपालिकाको बैठकबाट पारित भै स्थानीय राजपत्रमा प्रकाशित भए पछि लागू हुनेछ।

२. **परिभाषा:**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।

(ग) " गाउँपालिका" भन्नाले केदारस्यूँ गाउँपालिका सम्झनु पर्छ।

(घ) "कार्यपालिका" भन्नाले केदारस्यूँ गाउँकार्यपालिका सम्झनु पर्छ।

(ङ)"कार्यविधि" भन्नाले"केदारस्यूँ गाउँपालिकाको अटो रिक्सा, ई-रिक्सा व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८०" सम्झनु पर्छ।

(च) "चालक" भन्नाले सवारी चालक अनुमति प्राप्त व्यक्ति सम्झनु पर्छ।

(छ) "तोकिएको अधिकारी" भन्नाले कार्यविधिको नियम १० बमोजिम तोकिएको अधिकारी सम्झनु पर्छ।

(ज)"प्रमुख प्रशासकीय अधिकृत" केदारस्यूँ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(झ)"भाडादर" भन्नाले गाउँपालिकाले तोकेको भाडादर सम्झनु पर्छ।

(ञ) " यात्रु" भन्नाले अटो तथा ई-रिक्साको सवारी साधनमा यात्रा गर्ने व्यक्ति सम्झनु पर्छ।

(ट) "रुट अनुमति तथा भाडादर निर्धारण समिति" भन्नाले कार्यविधिको नियम ७ बमोजिम गठित समिति सम्झनु पर्छ।

(ठ) "रुट इजाजत पत्र" भन्नाले कार्यविधिको नियम ११ बमोजिमको इजाजत पत्र सम्झनु पर्छ।

(ड) "सवारी धनी" भन्नाले प्रचलित कानुन बमोजिम सवारी धनी अनुमति पत्र प्राप्त व्यक्ति तथा संस्था सम्झनु पर्छ।

(ढ) "सवारी साधन" भन्नाले प्रचलित ऐन, नियम बमोजिम गाउँपालिकाले व्यवस्थापनतथा सञ्चालन गर्न अधिकार प्राप्त गरेका अटो रिक्सा, ई रिक्सा, आदी सम्झनु पर्छ।

## परिच्छेद २

## सञ्चालन प्रक्रिया

३. **अनुमति विना सञ्चालन गर्न नपाइने:**(१) यस गाउँपालिका क्षेत्रमा यो कार्यविधि बमोजिम अनुमति पत्र नलिई कोही कसैले अटो तथा ई-रिक्सा सञ्चालन गर्न पाइने छैन। अटो तथा ई-रिक्सा सञ्चालन गर्न चाहने सवारी धनीले अनुसूची १ बमोजिमको ढाँचामाप्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(२) निवेदन प्राप्त भए पश्चात् आवश्यक कारबाहीको लागि सम्बन्धित शाखामा जाँचबुझको लागि पठाइनेछ।

(३) अटो तथा ई-रिक्सा सवारी ऐन/ नियम बमोजिम यातायात कार्यालयमा नियमानुसार दर्ता एवं नवीकरण भई गाउँपालिकामा यस कार्यविधि बमोजिम तोकिएको दस्तुर बुझाई अटो तथा ई-रिक्सा गाउँपालिकाको क्षेत्रमा सञ्चालनका लागि अनुमति दिनु पर्नेछ।

४. **आवश्यक कागजात पेश गर्नुपर्ने:** (१)सवारी साधन सञ्चालन गर्न चाहने सवारी धनीले अनुसूची १ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिंदा निम्नअनुसारका कागजात संलग्न गर्नुपर्ने छ।

(क) सवारी धनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

(ख) सवारी साधन धनी फर्मकोफर्म दर्ता प्रमाणपत्र, कर दर्ता तथा कर चुक्ता र नवीकरणको प्रमाणपत्र

(ग) सवारी साधन दर्ता प्रमाण बिल बुक

(घ) सवारी चालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

(ङ) सवारी चालक अनुमति पत्रको प्रतिलिपि।

(ङ) तेस्रो पक्ष बिमा, यात्रु बिमा गरेको प्रमाणपत्र।

५. **इजाजत पत्र दिन सकिने:**(१)नियमानुसार आवश्यक कागजात सहित पेश भएको निवेदनलाई कार्यालयले रुट इजाजत तथा भाडादर निर्धारण समितिमा पेश गर्नेछ। समितिले आवश्यक ठानेमा इजाजत दिन कार्यालयलाई सिफारिस गर्नेछ। यसरी सिफारिस गर्दा समितिले यातायातको वर्तमान अवस्था, आवश्यकता, औचित्यता, सर्वसाधारणलाई पुग्ने सुविधा आदि विषय खुलाउनु पर्नेछ। समितिले गरेको सिफारिस उपर कार्यालयले आवश्यक कागजात जाँचबुझ गरी इजाजत पत्र उपलब्ध गराउन सक्नेछ।

(२)प्रमुख प्रशासकीय अधिकृतले अनुसूची २ बमोजिम सवारी रुट इजाजत पत्र दिनेछ।

६. **रुट इजाजत तथा भाडा निर्धारण समिति:**(१)अटो र ई- रिक्सा सञ्चालनका लागिरुट इजाजत तथा भाडा निर्धारण गर्न देहाय बमोजिम समिति रहनेछ :-

(क) गाउँपालिकाअध्यक्ष - संयोजक

(ख)प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) गाउँ कार्यपालिका सदस्यहरु मध्ये गाउँपालिका अध्यक्षबाट मनोनीत १ जना महिला - सदस्य

(घ)स्थानीय प्रहरी चौकी प्रमुख १ जना - सदस्य

(ङ) सवारी धनी मध्ये संयोजकले तोकेको प्रतिनिधि १ जना - सदस्य

(च)स्थानीय ट्रफिक प्रहरी कार्यालयको प्रमुख १ जना - सदस्य

(छ)राजश्व शाखा प्रमुख १ जना - सदस्य

(ज)उपभोक्ता मध्येवाट गाउँ कार्यपालिकाले तोकेको प्रतिनिधि १ जना - सदस्य

(झ)भौतिक पूर्वाधार शाखा प्रमुख १ जना - सदस्य

(ञ) सूचना प्रविधि अधिकृत १ जना - सदस्य

(ट) उद्योग शाखा प्रमुख १ जना - सदस्य

(ठ)शिक्षा,यूवा तथा खेलकुद शाखा प्रमुख १ जना - सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठकमा सहभागी भएवाफत समितिका सदस्यहरुले नियमानुसार बैठक भत्ता पाउनेछन्।

७. **रुट इजाजत तथा भाडादर निर्धारण समितिको काम कर्तव्य अधिकारः**(१) प्रचलित ऐन, कानुन प्रतिकूल नहुने गरी स्थानीय सडकहरूको भाडादर निर्धारण गरी गाउँ कार्यपालिकामा पेश गर्ने।

(२) प्रचलित ऐन कानुन बमोजिमका मापदण्ड पुरा गरी आएका सवारी धनीलाई सवारी चाप, यात्रीको चाप मुल्यांकन गरी रूट इजाजत दिन सिफारिस गर्ने।

(३) पटक पटक नियम उल्लङ्घन गर्ने सवारी साधनको रुट इजाजत खारेज गर्न सिफारिस गर्ने।

(४) गाउँ कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने।

८. **गाउँ कार्यपालिकाले पालना गर्नुपर्ने** :

(क)इजाजत पत्र माग निवेदन उपर जाँचबुझ गर्ने।

(ख)जाँचबुझ पछि इजाजत प्रदान गर्ने अवस्था भएमा इजाजत दिने र नदिने भए कारण सहित लिखित जानकारी गराउने र रुट निर्धारण गरिदिने।

(ग)रुटहरूको समय समयमा मर्मत सम्भार गर्ने।

(घ)भाडादर निर्धारण गर्ने।

(ङ)आवश्यक समन्वय गर्ने।

९. **सवारी धनीले पालना गर्नुपर्नेः(१)**सवारी धनीले इजाजत प्राप्त गर्नु अघि र इजाजत प्राप्त गरिसकेपछि निम्न काम कर्तव्यहरू पुरा गर्नु पर्नेछ :-

(क)निवेदन साथ तोकिएका आवश्यक कागजातहरु कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(ख)तोकिएको भाडादर मात्र लिनु पर्नेछ। भाडादर यात्रुले देखे गरी सवारी साधनमा राख्नु पर्नेछ।

(ग)यात्रुहरूसँग सरल र नम्र व्यवहार गर्नुपर्नेछ।

(घ)तोकिएको रुटमा मात्र सवारी साधन चलाउनु पर्नेछ।

(ङ) गाउँपालिकाबाट तोकिएको दर्ता तथा नवीकरण दस्तुर समयमा नै बुझाउनु पर्नेछ।

(च) सवारी चालक, यात्रु तथा तेस्रो पक्ष बिमा गराउनु पर्नेछ।

(छ)इजाजत पत्रमा तोकिएको संख्यामा मात्र यात्रु राख्नु पर्नेछ।

(ज)सवारीसाधनबाट उत्पादन हुने फोहोर वस्तुहरू सार्वजनिक स्थानमा फाल्न पाईने छैन।

**१०. इजाजत पत्रको खारेजी:(१)**सवारी धनी तथा सवारी चालकले यस कार्यविधि विपरीत कार्य गरेमा तथा प्रचलित अन्य यातायात व्यवस्था सम्बन्धी कानुन उल्लङ्घन गरेमा समितिको सिफारिस बमोजिम खारेज गर्न सिफारिस भै आएका सवारी साधनको इजाजत पत्र प्रमुख प्रशासकीय अधिकृतले खारेजी गर्न सक्नेछ र सोको अभिलेख कार्यालयले अद्यावधिक गरि राख्नेछ। खारेजी गर्नु अघि सम्बन्धित सवारी धनीलाई सफाइ पेश गर्ने मौका दिन सकिनेछ।

## परिच्छेद ३

## रुट इजाजत, नवीकरण तथा जरिवाना

**११. रुट इजाजत तथा नवीकरण दस्तुर :**(१)सवारी रुट इजाजत दस्तुर र नवीकरण दस्तुरवार्षिक रुपमा प्रति सवारी देहाय बमोजिम हुनेछ। सवारी धनीले हरेक आर्थिक वर्षको असार मसान्त भित्र रुट इजाजत प्राप्त सवारीसाधनको नवीकरण गर्नुपर्नेछ। आगामी आर्थिक वर्षदेखि रुट इजाजत तथा नवीकरण दस्तुर गाउँपालिकाको आर्थिक ऐनमा समेत तोकिनेछ।

देहाय

| सि.नं | सवारी साधन | रुट इजाजत शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | अटो रिक्सा | तीन हजार रुपैयाँ | दुई हजार रुपैयाँ | असार मसान्त पछि नवीकरण गरेमा थप ५०% शुल्क लाग्नेछ। |
| २ | ई- रिक्सा | दुई हजार पाँच सय रुपैयाँ | एक हजार पाँच सय रुपैयाँ | |

**१२. जरिवाना सम्बन्धी व्यवस्था**

**:**(१)यसकार्यविधिबमोजिमरुटअनुमतिनलिईसवारीसाधनसञ्चालनगरेमाप्रथमपटकतीन हजार रुपैयाँ, दोस्रोपटकपाँच हजार रुपैयाँ, तेस्रोपटकसात हजार रुपैयाँरचौथोपटकमा समेतसोहीकार्यगरेको पाइएमादश हजार रुपैयाँ जरिवाना लाग्नेछ।

(२)समितिबाट निर्धारण भएको भाडा दर भन्दा बढी भाडा लिएको प्रमाणित भएमा प्रथम पटक एक हजार रुपैयाँ, दोस्रो पटक दुई हजार रुपैयाँ, तेस्रो पटक रु. तीन हजार रुपैयाँ र चौथो पटकमा समेत सोही कार्य गरेको पाइएमा सवारी साधनको रुट इजाजत खारेज गरिने छ।

(३)सवारीलेऐनरनियमावलीलेतोकेबमोजिमकादुर्घटनाबीमा, मजदुरबीमा, तेस्रो पक्ष बीमा आदिको बीमा नगराई सवारी साधन चलाएको खण्डमा प्रथम पटक तीन हजार रुपैयाँ, दोस्रो पटक चार हजार रुपैयाँ, तेस्रो पटक पाँच हजार रुपैयाँ चौथो पटकमा पनि सोही कार्य गरेमा रुट इजाजत खारेज गरिनेछ।

(४)बिरामीबोक्नइन्कारगरेकोप्रमाणितभएकोखण्डमाप्रथम पटक एक हजार रुपैयाँ,दोस्रो पटक दुई हजार रुपैयाँ, तेस्रो

पटकतीन हजार रुपैयाँ र चौथो पटकमा पनि सोही कार्य गरेमा रुट इजाजत खारेजी गरिनेछ।

(५)कार्यालयबाट भएको जरिवाना तथा कारवाही उपर चित्त नबुझेमा समिति मार्फत गाउँपालिका अध्यक्ष समक्ष निवेदन दिन सकिनेछ।

(६)ट्राफिक नियम तथा संकेतको पालना नगरेको खण्डमा कसुर गर्नेलाई तत्काल ट्राफिक प्रहरीले प्रचलित यातायात ऐन नियमानुसार जरिवाना गर्नेछ।

**१३. भाडादर :** (१)गाउँपालिकाभित्र सञ्चालन हुने अटो रिक्सा तथा ई-रिक्साको भाडा दर रुट इजाजत तथा भाडा निर्धारण समितिको सिफारिसमा गाउँपालिकाले तोके बमोजिम हुनेछ।

(२) यातायात कार्यालयमा सवारी दर्ता, सवारी सञ्चालनको अनुमतिपत्र, बीमा र ट्राफिक नियमको पालना सम्बन्धी व्यवस्था सवारी तथा यातायात व्यवस्था ऐन, नियम तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

**१४. चालकले पालनागर्नुपर्ने नियमहरु : (**१) प्रत्येक सवारी चालकले निम्नानुसारको नियम अनिवार्य रुपमा पालना गर्नुपर्नेछ :-

(क) सवारी चालक अनुमतिपत्र, सवारी दर्ता किताब, रुट इजाजतपत्र,बीमा, रुट इजाजत नवीकरण गरेको प्रमाण पत्र साथमा राखेर मात्र सवारी चलाउनुपर्नेछ।

(ख) अटो रिक्साको यान्त्रिक अवस्था ठिक भए/नभएको चेकजाँच गरेर मात्र सवारी साधन चलाउनुपर्ने। तोकिएको भार, क्षमता र गतिमा मात्र सवारी साधन चलाउनुपर्नेछ।

(ग) मादक पदार्थ तथा लागु औषध सेवन गरी सवारी चलाउन पाइने छैन। साथै प्रतिबन्धित मालसामान तथा चिजवस्तु ओसारपसार समेत गर्न पाइने छैन।

(घ) सवारी चलाउँदा मोबाइल फोनको प्रयोग र ठूलो आवाजमा गीत संगीत बजाएर सवारी चलाउन पाइने छैन। सडकमा ध्यान केन्द्रित गरेर सुरक्षित साथ सवारी साधन चलाउनुपर्नेछ।

(ङ) लेन अनुशासनको पालना गर्नुपर्ने,आफूभन्दा अगाडिको सवारी साधनसँग Breaking Distance कायम गर्नुपर्ने छ।

(च) अटो रिक्साको अगाडिको भाग चालकको दायाँ बाँया यात्रु तथा मालसामान राख्न पाइने छैन। साथै सवारीको बाहिरी भागमा मालसामान तथा यात्रु राख्न र झुण्ड्याउन पाइने छैन।

(ज) सामाजिक सद्भाव र सडक सुरक्षामा ध्यान दिंदै यात्रुमैत्री व्यवहार गर्नुपर्ने साथै अशक्त, वृद्ध तथा बालबालिकालाई विशेष ध्यान दिई सिटको व्यवस्थापनगर्नुपर्ने छ।

(झ) सडकमा जथाभावी सवारी साधन रोक्ने, पार्किङ गर्ने जस्ता कार्य गर्न पाइने छैन। साथै सवारी साधन पूर्ण रुपमा रोकिएको अवस्थामा मात्र यात्रु चढाउने र ओराल्ने गर्नुपर्नेछ।

(ञ) रातिको समयमा यात्रा गर्दा लाइटको सही सदुपयोग गर्नुपर्नेछ। अटोरिक्सा तीव्र गतिमा चलाउने र आफूखुशी सवारी साधनको स्वरुप परिवर्तन गर्ने जस्ता कार्य गर्न पाइने छैन।

(ट) अटोरिक्सा मुख्य सडकमा पार्किङ गर्ने, सडकको जथाभावी प्रयोग गर्ने, शारीरिक तथा मानसिक अवस्था ठिक

नभएकाले सवारी चलाउने जस्ता कार्य गर्न पाइने छैन। होसियारी पूर्वक सवारी साधन चलाउनुपर्नेछ।

(ठ) सवारी दुर्घटना, सवारी आवागमन अवरोध, ट्राफिक समस्या तथा गुनासो भए तत्काल ट्राफिक प्रहरी कार्यालय र गाउँ कार्यपालिकाको कार्यालयलाई जानकारी दिनुपर्नेछ।

१५. **अनुगमन:** (१)ट्राफिक प्रहरी र गाउँपालिकाले उल्लेखित कार्यविधि बमोजिम अटोरिक्सा सञ्चालन भए नभएको अनुगमन गर्न सक्नेछ।

१६. **विविध :** (१)यस कार्यविधिमा उल्लेख नभएका विषयहरु सवारी तथा यातायात व्यवस्था ऐन, नियम तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछन्।

१७. **संशोधन तथा खारेज:**(१)यस कार्यविधिको संशोधन तथा खारेज गर्ने अधिकार केदारस्यूँ गाउँपालिकाको कार्यपालिकामा निहित हुनेछ।

अनुसूची १

मितिः ……………………..

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
केदारस्यूँ गाउँपालिकाको कार्यालय, देउरा बझाङ।

विषयः सवारी रुट अनुमति पाऊँ।

उपरोक्त विषयमा देहाय बमोजिम विवरण भएको मेरो/ हाम्रो नाममा यातायात व्यवस्था कार्यालयमा दर्ता रहेको रिक्सा, ई रिक्सा, अटो रिक्सा टेम्पो निम्न रुटमा सञ्चालन गर्न अनुमति पाउन दरखास्त बापत रु……… । को रसिद संलग्न राखी निवेदन गरेको छु/छौं।

(क) सवारी साधनको
सवारी साधनको किसिम :
सवारी दर्ता नं र दिने कार्यालय :
चेसिस नं :
इन्जिन नं:
मोडल :
बनेको साल :
यात्रु सिट संख्या :

(ख) सवारी धनीको
नाम :
ठेगाना :
संस्था भए दर्ता विवरण :

(ग) सञ्चालन गर्न माग गरेको रुट :
संलग्न कागजातहरु
सवारी धनी दर्ता प्रमाणपत्र
नेपाली नागरिकताको प्रमाणपत्र
विदेशी भएमा अनुमति पत्र
संस्था भए दर्ता प्रमाणपत्र

प्रचलित ऐन कानुनमा व्यवस्था भएका र कार्यविधिमा भएका सम्पूर्ण प्रावधानहरू पालना गरी सवारी व्यवसाय सञ्चालन गर्नेछुँ । यसमा लेखिएको व्यहोरा ठीक साँचो छ। झुट्टा ठहरेमा ऐन कानुन बमोजिम सहुँला बुझाउँला।

आवेदकको नामः

दस्तखतः

अनुसूची २

केदारस्यूँ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

देउरा, बझाङ।

मितिः .....................

इजाजत पत्र नं.

श्री ...............................................

तपाइको नाममा दर्ता स्रेस्ता भएको देहायको विवरण भएको सवारी साधनलाई आ.व. ..................को लागि देहायको रुटमा सवारी साधन सञ्चालन गर्न रुट इजाजत दिइएको छ। प्रचलित ऐन कानुनको अधीनमा रही सवारी सञ्चालन गर्नु हुन अनुरोध छ।

सवारी साधनको विवरणः

सवारी साधनको किसिम :

सवारी दर्ता नं र दिने कार्यालय :

चेसिस नं :

इन्जिन नं :

मोडल :

बनेको साल :

यात्रु सिट संख्या :

सवारी धनीको विवरण

नाम :

ठेगाना :

संस्था भए दर्ता विवरण:

विमा अवधिः

सञ्चालन गर्न अनुमति दिएको रुटः

सञ्चालन गर्न अनुमति दिएको अवधिः

रुट इजाजत पत्र प्रदान गर्ने पदाधिकारीको

दस्तखतः

नामः

पदः

**नवीकरण विवरण**

| मिति | रसिद नं. | नवीकरण अवधि(देखि) | नवीकरण अवधि(सम्म) | अनुमति प्रदान गर्ने अधिकृतको दस्तखत र मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

पदमराज उपाध्याय

प्रमूख प्रशासकीय अधिकृत

केदारस्युँ गाउँपालिका